मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेटौंडाका १२२ करदाता कारबाहीमा

हेटौंडा, २ साउन/लामो समयदेखि कर नबुझाएका १२२ करदातालाई हेटौंडास्थित आन्तरिक राजस्व कार्यालयले कारबाही गरेको छ । लामो समयदेखि मूल्यअभिवृद्धि कर, आयकर, अन्त:शुल्क तथा अग्रिम करकट्टीको बक्यौता नबुझाउने १२२ जना करदातामाथि कारबाहीको प्रक्रिया अघि बढाइएको आन्तरिक राजश्व कार्यालय हेटौंडाका प्रमुख युक्तप्रसाद सुवेदीले जानकारी दिए ।

अब निर्धारित मितिमा बक्यौता दाखिला नगरे बैंक खाता, घरजग्गा तथा आयातनिर्यात रोक्का गरिने प्रमुख सुवेदीले चेतावनी दिएका छन् । कर नबुझाउनेहरुको अभिलेख तयार भएको उनले बताए । नियमित बजार अनुगमनपछि आर्थिक वर्ष २०८१/८२ मा करदाता बढेका छन् ।

# 'प्रचण्ड' गुहार्दै हेटौंडा सिमेन्टका कर्मचारी

साझाकुरा संवाददाता



हेटौंडा, २ साउन/ हेटौंडा सिमेन्ट उद्योगको अवस्था दयनीय बन्दै गएपछि उद्योगका कामदार कर्मचारी प्रचण्ड गुहार्दै काठमाडौं पुगेका छन् । दिनप्रतिदिन उद्योग धरासायी बन्दै गएका कारण उद्योगको समस्या समाधानको पहल गर्न माग गर्दै कामदार कर्मचारीको दौडाहा भएको हो ।

हेटौंडा सिमेन्ट उद्योग लिमिटेडमा सक्रिय संयुक्त ट्रेड युनियनका प्रतिनिधिले नेकपा ( माओवादी केन्द्र) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई पार्टी केन्द्रीय कार्यालय, पेरिसडाँडामा भेट गरी उद्योगका समस्या र माग समेटिएको ध्यानाकर्षण पत्र बुझाएका छन् । उद्योग नियमित रुपमा चल्न नसक्दा कामदार कर्मचारीले समयमा तलब खान पाएका छैनन् ।

अध्यक्ष प्रचण्डसँगको भेटमा ट्रेड युनियनका प्रतिनिधिले उद्योग सञ्चालनमा चरम लापरवाही भएको, कर्मचारीका मागहरु बेवास्ता गरिएको र उपभोक्ताको हितविपरीत क्रियाकलाप भइरहेको उल्लेख गर्दै यस्ता गतिविधि रोक्न तथा उद्योग घाटारहितरुपमा सञ्चालन गर्न पहल गरिदिन आग्रह गरे । अध्यक्ष प्रचण्डले आफ्नो प्रधानमन्त्रीकालमा घाटामा गएका र रुग्ण उद्योगहरु सञ्चालनमा ल्याउन सिंहदरबारमा सरोकारवालाको पटकपटक बैठक बसालेको स्मरण गर्दै हेटौंडा सिमेन्ट उद्योगमा देखिएका समस्या समाधान गर्न र ट्रेड युनियनका माग सम्बोधन गर्न प्रतिपक्षी दलको नेताको हैसियतले आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गरे ।

सरकारी स्वामित्वका उद्योग, कलकारखाना ठप्प पार्ने र निजीक्षेत्रका ब्यवसायीलाई सुम्पने खेल हेटौंडा सिमेन्ट उद्योगमा पनि सल्किएको छ । पुन गुल्जार हुने पर्खाइमा रहेको हेटौंडा सिमेन्ट उद्योग आर्थिक वर्ष २०७५/७६ देखि निरन्तर घाटामा चल्दै आएको छ । यो उद्योगको वार्षिक उत्पादन क्षमता प्रतिदिन ७ सय २२ टन हो । तर, क्षमताभन्दा कम परिमाणमा सिमेन्ट उत्पादन गरेका कारण उद्योगले सञ्चालन खर्च धान्न नसकेर बन्द गर्नुपर्ने अवस्थामा पुगेको छ । हेटौंडा सिमेन्ट उद्योगले कम परिमाणमा क्लिंकर उत्पादन भएकाले बन्द गर्नुपरेको तर्क गरेको छ ।


उद्योगसँग पैसा नभएकै कारण कोइला किन्न नसक्नु र पुराना मेसिननरी, उपकरण बारम्बार बिग्रिरहने कारण नियमित उद्योग चलाउन सकिएको छैन । उद्योग पूर्णक्षमतामा सञ्चालन गर्न हेटौंडा सिमेन्टले सरकारसँग १ अर्ब ९ करोड रुपैयाँ मागेको थियो । तर, सरकारले उद्योगको मागलाई पत्याएन । बरु, उल्टै निजीकरण गर्ने सूचीमा हालिदियो । हेटौंडा सिमेन्टले आव २०७४/७५ मा १६ करोड ३६ लाख रुपैयाँ नाफा कमाएको थियो ।

आव २०७५/७६ मा यो उद्योग १ करोड ५ लाख घाटामा गयो । आव २०७५/७६ मा २० लाख ८६ हजार ६ सय ६७ बोरा सिमेन्ट बेचेको उद्योगले १ अर्ब ६४ करोड आम्दानी गरेपनि १ अर्ब ६५ करोड खर्च गरेको थियो । त्यसैगरी २०७६/७७ मा उद्योगले १४ लाख ५५ हजार ९ सय ६ बोरा सिमेन्ट बेचे पनि २३ करोड ८२ लाख रुपैयाँ घाटामा गयो । २०७७/७८ मा १८ लाख ५३ हजार ७ सय ६४ बोरा सिमेन्ट बेच्दा पनि १७ करोड ४ लाख घाटा बेहोरेको हो । २०७८/७९ मा १० करोड ६९ लाख घाटा बेहोर्दा १६ लाख १३ हजार ९ सय ६४ बोरा सिमेन्ट बेचेको थियो । हेटौंडा सिमेन्ट उद्योगले २०७९/८० मा साढे २५ करोड रुपैयाँ घाटा बेहोरेको थियो ।

त्यसबेला सवा ९ लाख बोरा मात्र सिमेन्ट उत्पादन गरेको थियो । गत आव २०८०/८१ मा उद्योगले सवा ६ लाख बोरा सिमेन्ट उत्पादन गरेको थियो । ओरालो यात्रा सुरु भएको हेटौंडा सिमेन्ट उद्योग पूर्णक्षमतामा चलाउने दाबी उद्योगका अधिकारीहरुले गरिरहेका छन् । हाल लोडसेडिङले गर्दा पनि उद्योग सञ्चालनमा ल्याउन नसकिएको दाबी छ । अहिले बिहान र बेलुका गरेर ४/४ घण्टा उद्योगमा बत्ती काटिएको बताइएको छ । समयमै विद्युत महशुल तिरेको भए प्राधिकरणले लाइन काट्ने थिएन । बत्तीको व्यवस्था भयो भने उत्पादन सुरु गर्ने योजनामा रहेको उद्योग प्रशासनले जनाएको छ । लामो समयदेखि उद्योग बन्द हुनुको कारण लोडसेडिङ मात्रै होइन, उद्योग सञ्चालनमा अन्य धेरै समस्या छन् । उद्योगका उपकरण पनि मर्मत भएका छैनन् । आर्थिक समस्याका कारण पनि उद्योग सञ्चालन गर्न नसकिएको हो ।

बाँकी पृष्ठ-४.....






यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# मस्कको मास्टर प्लान: सबै कम्पनी मर्ज गर्ने, ग्रोकलाई 'सर्वशक्तिमान' बनाउने



विश्वका सबैभन्दा धनी व्यक्ति तथा स्पेस एक्स, टेस्ला, एक्सलगायतका कम्पनीका मालिक अर्बपति एलन मस्क आफ्ना अनौठा तथा अपत्यारिला लाग्ने निर्णय र कदमहरुका कारण सदैव चर्चामा रहन्छन् । यसपटक मस्क आफ्नो निकै दूरगामी तथा महत्वपूर्ण व्यवसायिक योजनाका कारण पुन: चर्चामा आएका छन् ।

समाचार एजेन्सी रोयटर्सका अनुसार एलन मस्कले आफ्ना सबै व्यवसायहरुलाई एकीकृत गर्ने दिशामा महत्वपूर्ण कदम उठाएका छन् । जसअनुसार मस्कको अन्तरिक्ष कम्पनी स्पेस एक्सले उनको एआई स्टार्टअप एक्सएआईमा २ अर्ब डलर लगानी गरेको छ । उक्त लगानीको उद्देश्य स्पेस एक्स, टेस्ला तथा सोसल मिडिया प्लाटफर्म एक्स जस्ता उनका सबै कम्पनीहरुको केन्द्रमा आर्टिफिसियल इन्टेलिजेन्स (एआई) लाई ल्याउनु रहेको छ ।

मस्कको उक्त कदम यस्तो समयमा आएको छ जब यो वर्षको सुरुवातमा एक्स एआई सोसल मिडिया प्लाटफर्म एक्समा विलय भएको थियो । तत् पश्चात् बनेको कम्पनीको मूल्यांकन अहिले ११३ अर्ब भैसकेको छ । उक्त लगानी गत जूनमा मोर्गन स्टानलीको अगुवाईमा भएको थियो, जसले मस्कको एआई आधारित रणनीतिमा लगानीकर्ताहरुको दह्रिलो विश्वासलाई दर्शाउँछ ।

ग्रोक : 'एउटै एआई, सबैका लागि'

उक्त गुरु योजनाको मूख्य आधार एक्स एआईद्वारा विकसित गरिएको एआई च्याटबट ग्रोक हो । मस्कका अनुसार ग्रोकलाई सबै व्यवसायहरुमा उपयोग गरिनेछ । वास्तवमा स्पेस एक्सको स्याटेलाइट इन्टरनेट सेवा स्टार लिंकमा ग्राहक सपोर्टका लागि पहिलेदेखि नै ग्रोकको प्रयोग भइरहेको छ । अब यसलाई टेस्लाको अप्टिमस रोबोटमा पनि ल्याउने तयारी चलिरहेको छ । ग्रोकलाई एक विश्वव्यापी एआई सिस्टम बनाउने मस्कको योजना छ, जसले रकेट, रोबोट तथा सोसल मिडिया सहित सबै प्लाटफर्महरुलाई एउटै एआईबाट नियन्त्रित गर्न सकोस् ।

**स्पेस एक्सको सबैभन्दा ठूलो बाह्य लगानी**

सो दुई अर्ब डलरको लगानी स्पेस एक्सद्वारा कुनै बाह्य परियोजनामा गरिएको अहिलेसम्मकै सबैभन्दा ठूलो लगानी हो । आम रुपमा स्पेस एक्स केवल रकेट तथा स्याटेलाईटमा केन्द्रित रहँदै आएको छ । तथापि यसअघि पनि कम्पनीले मस्कका अन्य विभिन्न उपक्रमहरुमा सहायता दिएको छ । उदाहरणका लागि टेस्ला कम्पनीको सुरुवाती कठीन दिनहरुमा स्पेस एक्सले सहयोग प्रदान गरेको थियो भने ट्वीटर खरीद गर्न पनि मस्कलाई एक अर्ब डलर ऋण प्रदान गरेको थियो । मस्कले उक्त ऋण भुक्तान गरि सकेका छन् ।

**चुनौती र जोखिम**

मस्कले यस्तो खालको ठूलो रकम एआईमा खन्याउनुका आफ्नै खतरा छन् । स्पेस एक्सले पहिलेदेखि नै आफ्नो महत्वाकांक्षी स्टारसिप परियोजनामा लगानी गरिरहेको छ, जसले लगातार ढिलाइ तथा परीक्षण असफलताको सामना गरिरहेको छ । रिपोर्ट अनुसार स्पेस एक्ससँग हाल करीब ३ अर्ब नगद छ । तर स्टारसिप तथा एक्स एआई जस्ता दुई ठूला परियोजनामा एकसाथ लगानी गर्दा त्यसले कम्पनीको वित्तीय अवस्था तथा लगानीकर्ताहरुको अपेक्षामा दबाब पैदा गर्न सक्दछ ।

**जीवनशैली/स्वास्थ्य**

# महिनावारीबारे पुरुषको बुझाइ किन आवश्यक छ ?



केही दिन अघि महाराष्ट्रको उल्हासनगरबाट एउटा खबर आयो, १२ वर्षकी किशोरी पहिलो पटक महिनावारी भइन् । उनको लुगा महिनावारीको रगतले रंगियो । भाइले र गतको दाग देखे । उनले आफ्नी १२ वर्षकी बहिनी महिनावारी भएको हुनसक्ने अनुमान गरेनन् । यसलाई त उनले यौन सम्बन्धसँग जोडे । परिवारको इज्जत त्यसमा जोडिएको हुनुपर्छ । त्यसपछि त्यही महिनावारी किशोरीमाथि अत्याचारको कारण बन्यो । अत्याचारले बालिकाको ज्यान लियो । जब कोही स्त्रीमाथि हिंसा हुन्छ, त्यसका धेरै कारण हुन्छन् । प्रहरीले दाजुलाई पक्राउ गरी मुद्दा दर्ता गरेको छ । तर यो मामिलामा महिनावारीबारे कम जानकारीको चर्चा बारम्बार भइरहेको छ ।

आजको युगमा केटाहरूलाई महिनावारीको बारेमा थाहा नहुनु अचम्मको कुरा लाग्ला तर सत्य यो हो कि धेरै पुरुषलाई महिनावारी बारे थाहा छैन । भलै ती पुरुष विवाहित नै किन नहुन् । थुप्रै पुरुषहरूले महिलाको रगतको एउटै अर्थ बुझ्छन् । उनीहरुका लागि महिलाको शरीरबाट रगत बग्नु भनेको यौन सम्बन्ध मात्र हो । महिनावारी बारे पूर्ण ज्ञान नहुँदा त्यसबाट उत्पन्न हुने समस्याबारे पनि पूर्ण ज्ञान नहुने त जगजाहेर छ ।

**महिनावारी कुनै रोग होइन**

के पुरुषहरूलाई थाहा छ कि महिनावारी एक प्राकृतिक जैविक प्रक्रिया हो ? यो सामान्य हो । यो कुनै रोग होइन । धेरैजसो महिलाको महिनावारी महिनामा एक पटक हुन्छ । एक चक्रको रूपमा चल्छ । यो चक्र औसत २८ दिनको हुन्छ । हुन त महिनावारी २१ देखि ३५ दिनमा जुनसुकै बेला हुनसक्छ । महिनावारी हुँदा गर्भाशय भित्रबाट रगत निस्कन्छ । महिनावारी सुरु हुनु भनेको महिलाको शरीर गर्भावस्थाको लागि तयार हुने प्रक्रिया सुरु गरि रहेको छ भनेर जानकारी दिनु हो । यसले महिलाको शरीरमा हुने हर्मोनल परिवर्तनबारे पनि जानकारी दिन्छ ।

**विभिन्न भ्रमबीच महिला जीवन**

यो प्राकृतिक महिनावारीलाई लिएर हाम्रो समाजमा विभिन्न किसिमका भ्रम पनि व्याप्त छन् । त्यसमा पनि यस्ता धेरै प्रचलन छन्, जसले महिलाको ज्यान जोखिममा पार्छ । धेरै समाज र धर्ममा महिनावारीको समयमा महिलालाई अपवित्र मानिन्छ । त्यसैले उनीहरू पूजापाठबाट टाढा रहनुपर्छ । चाडबाड, व्रत इत्यादि 'पवित्र' भनिने अनुष्ठानका लागि योग्य हुँदैनन् । यस्ता अवसरमा परै बस्नुपर्छ ।

**महिनावारी बारे कुरा गर्नुको अर्थ "प्याड" बारे कुरा गर्नु होइन**

महिलाको जीवनको यो महत्त्वपूर्ण कुरालाई केटाहरूले रहस्य ठान्छन् । तर, टेलिभिजनमा आउने प्रचार र विगतमा महिनावारी बारे बढ्दो चर्चाले सचेतना अवश्य बढेको छ । यो चेतना बजारका कारण बढी भएको हो । यो सचेतना सेनेटरी प्याडको दायरासम्म सीमित छ । अर्थात्, महिनावारीका बेला सर-सफाइको विशेष ध्यान राख्नुपर्छ । जे पायो त्यही प्रयोग गर्नु हुँदैन । प्याड प्रयोग गर्नुपर्छ । तर कुरा यहाँसम्म मात्र सीमित छैन । यो त किशोरी, युवती र महिलाको प्रजनन र यौन स्वास्थ्यसँग सम्बन्धित विषय हो । वर्षौंदेखि हरेक महिना, यसले उनीहरूको जीवनलाई एक विशेष घेरामा बाँध्न खोज्छ । पुरुषले महिनावारी बारे किन थाहा पाउनुपर्छ ? पुरुषलाई स्त्रीको प्रजनन र यौन स्वास्थ्यबारे के थाहा छ ? के पुरुषलाई थाहा छ ? एक महिलाको जीवनमा हरेक महिना ६-७ दिन कस्तो हुन्छ ? थाहा छैन भने जान्न जरुरी छ ।

यो बिना, हामी हाम्रा दिदी- बहिनीको स्वभाव वा मनस्थिति बुझ्न सक्षम हुनेछौँ, न त कुनै साथी वा जीवन साथीको । हरेक महिनाको यी केही दिनले यो अनुभूति गराउँछ कि स्त्रीसँग त्यो शक्ति छ, जो हामी पुरुष (चाहे जति नै पुरुषार्थ देखाऔँ) सँग छैन । ती दिनमा उनको शरीरमा एक आन्तरिक प्रक्रिया चल्छ । यो प्रक्रियाले उनलाई अपवित्र बनाउँदैन । त्यसैले हामीले उनीसँग जोखिमयुक्त व्यवहार गर्नु हुँदैन ।

**महिनावारी भनेको शरीर र दिमागमा धेरै परिवर्तन हुनु हो**

यो प्रक्रिया सुरु हुनु अघि, किशोरी वा महिलामा धेरै परिवर्तन आउँछन् । यसलाई महिनावारी अघिको समस्या भन्न सकिन्छ । अंग्रेजीमा यसलाई पिएमएस अर्थात् प्रि-मिन्स्ट्रुअल सिन्ड्रोम भनिन्छ । यसमा मनसँगै तनमा पनि परिवर्तन हुन्छ । चिकित्सा विज्ञान भन्छ कि यी परिवर्तनहरू २०० प्रकारका हुन सक्छन् । यसमा मनको उतारचढाव अथाह छ । किशोरीहरूको मुड तल-माथि भइरहन्छ । चिडचिडेपन बढ्छ । प्रत्येक कुरामा रुन मन लाग्छ । तनाव र चिन्ता हाबी रहन्छ । निद्रा लाग्दैन । टाउको दुख्ने, थकाई लाग्ने हुन्छ । यौन इच्छा घट्ने-बढ्ने हुन्छ । तनले पनि पीडा दिन्छ तर मनभन्दा कम । तनको पीडाको औषधी हुन सक्ला तर मनको के ? त्यसलाई त मनकै सहारा चाहिन्छ ।

त्यसैले ती दिनलाई जान्न जरुरी छ यी सबै लक्षण प्रत्येक किशोरी वा महिलामा हुन्छ नै भन्ने छैन । त्यसैले हामी किशोर वा पुरुषले हाम्रो घरका किशोरी वा महिलाको यी दिनहरूबारे जान्न र बुझ्न धेरै महत्त्वपूर्ण छ । जब पुरुषलाई ती दिनबारे थाहा हुन्छ तब मात्र उनीहरूले त्यस समयमा उनीहरूको व्यवहार र मुडलाई न्याय गर्न सक्षम हुनेछन् । दनुसार हामीले आफ्नो व्यवहारमा पनि परिवर्तन ल्याउनुपर्छ ।

यदि पुरुषले ती परिवर्तन महसुस गरेनन् र त्यस अनुसार आफूलाई परिवर्तन गरेनन् भने के होला ? हामीले याद राख्नु पर्छ कि यी परिवर्तनहरू किशोरीको सामान्य दैनिक व्यवहारको परिणाम होइन । यो प्रकृतिको चक्रसँग सम्बन्धित छ । प्रत्येक महिना प्रकृतिको यस चक्रबाट हुने परिवर्तनसँग जुध्न हामीले आमा, छोरी, दिदीबहिनी, साथी, जीवनसाथीलाई कसरी र कति हदसम्म मद्दत गर्न सक्छौँ भन्ने निर्णय गर्नुपर्छ । यदि हामी पुरुषहरूले यी विशेष दिनहरूमा उनीहरूको मुड र उनीहरूको शब्दलाई बुझ्यौँ वा बेवास्ता गरेनौँ भने, ढुक्क हुनुहोस्, हामी पुरुषहरू संसारका सर्वश्रेष्ठ मानवहरू मध्ये एक साबित हुनेछौँ ।


**त्यसो भए केटाहरुले महिनावारीको समयमा के गर्ने ?**

हामीले यी दिनमा स्त्रीमाथि ध्यान दिऔँ । उनीहरूलाई संवेदनशील तरिकाले बुझौँ । उनीहरूलाई यससँग बाँच्न र दैनिक जस्तै बाँच्न मद्दत गर्नुहोस् । सायद प्रकृतिले यही काम हामी केटाका लागि निर्धारण गरेको हो । यो कालो पोलिथिनमा बन्द गर्ने कुरा चिज होइन । अपवित्र होइन । डराउनु पर्ने पनि छैन । रोग त झन् हुँदै होइन । हो, कुनै किशोरी वा महिलालाई महिनावारीका कारण कुनै समस्या भएमा, यदि उनी आराम गर्न चाहन्छिन् वा चुलो-चौको वा अन्य घरायसी काम गर्न चाहँदैनन् भने उनलाई आराम गर्न मद्दत गर्नुहोस् । घर को कुनै कुनामा होइन, जहाँ उनको ठाउँ छ, त्यही आराम गर्न दिनुहोस् । उनको खानपिनको ख्याल राख्नुहोस् । यो सबै गर्न हामी केटाले महिलाको हातमा छोडेको घरायसी कामहरू गर्नुपर्छ । विशेष गरी यस समयमा उनीहरूको स्वभावको ख्याल राख्नुहोस् । केहि सहन सक्ने शक्ति पैदा गर्नुहोस् । अन्यथा, कहिलेकाहीँ चीजहरू अनजानमा बिग्रन्छन् । हामीलाई यसबारे थाहा भयो भने उनीहरूको कुराको नजरअन्दाज गर्न पनि सिक्नेछौँ । यसै कारण जागिर खाने स्त्रीलाई महिनावारीका बेला छुट्टी दिनुपर्छ भनेर वकालत गरिन्छ । यहाँ के कुरा पनि याद गर्नुपर्छ भने महिनावारी स्वच्छता वा प्याडको मुद्दा मात्रै होइन । यो त्योभन्दा धेरै ठुलो छ । यसमा के हामी पुरुषहरू महिलालाई महिनावारीमा सहयोग गर्न तयार छौँ ?

**साहित्य**

कथा

# नागरिकताको प्रमाणपत्र



✍तेजराज दाहाल

आजभन्दा करीब पचपन्नबर्ष अघिको कुरा हो । तेत्रु भर्खर ५-६ बर्षको थियो । खोरी किसान, तेत्रुको बुवा, जेठा मुखियाको घरमा मासिक तलब ६० रुपैया र खानबस्नको सुविधासहित खेतीको काम गर्न बसेको थियो । त्यो बेलाको चलन अनुसार त्यसरी खेतीमा काम गर्ने र गराउने कार्यलाई हली बस्ने र हली राख्ने भनिन्थ्यो । खोरीकी श्रीमती कान नसुन्ने र नबोल्ने थिई, उसको वास्तविक र बोलाउने नाम नै लाटी । उसको घाँटीमा गलगाँड थियो । तेत्रुलाई असाध्यै मायाँ गर्दथी, छरछिमेकी वा मालिकको घर कै भएपनि कोही केटाकेटीले तेत्रुलाई जानी नजानी केही गरेमा लठ्ठी लिएर झम्टिन्थिई । आमाको मायाँ र साथ पाएको तेत्रु खेल्दा समेत कसैले छोयो भने पनि रुँदै लाटीलाई भन्न पुग्दथ्यो, अनि केटाकेटीको भागाभाग हुन्थ्यो । कतिपय भाग्न नसक्नेले लाटीको पिटाई पनि पाउँदथे र रुँदै घर जान्थे ।

खोरीले बर्खाको बेलामा खेतका समाहा र पैनी-कुलोका निकाशमा माछा थाप्न सानाठुला ढोक्साहरू बनाएको थियो । हरेक साँझ ढोक्सा लगेर खाल खेतका समाहा र पैनीका निकाशहरुमा थापेर फर्कन्थ्यो र बिहानै गएर ढोक्साहरु घर लिएर आउँदथ्यो । आँगनमा ढोक्सा खन्याउँदा सानाठुला हिलेमाछा, पोठीमाछा, कैंचीबाम, अन्धाबाम, टेंग्रा, मागुरमाछा, घूँगी, गँगटा, भ्यागुता, र ढोडेसर्पहरु निस्कन्थे । तेत्रु र घरका केटाकेटीहरू रमाएर हेर्दथे । जिउँदा भ्यागुता र सर्प भाग्दथे, केटाकेटीहरू रमाउँदै उफ्रन्थे । यसरी ढोक्सा थाप्ने काम श्रावण-आश्विनको समयसम्म चल्दथ्यो, धेरथोर माछा परिरहन्थे । लाटी र तेत्रु जंगलबाट च्याउ र निगुरो खोजेर ल्याउँदथे कहिले काँही । यता काम गर्ने घरमा खाना खानेबेला भएपछि जहिलेपनि खोरी उसको लागि पस्किएको खानाको थाल बोकेर उनीहरूको आफ्नै भान्छामा जान्थ्यो र लाटीले पकाएको थप तरकारीसँग खाना खान्थ्यो । मालिकको घरको भान्छामा पाकेको दाल तरकारी जे भएपनि लाटीलाई पनि दिन्थ्यो । लाटी फिस्स हाँस्दथी । जिन्दगी साधारण भएर पनि सुन्दर र रमाइलो थियो । जेठा मुखियाको घरपरिवार पनि सज्जन थियो, हली नै बसेको भएर पनि खोरीको परिवार सहज ढंगले धेरैबर्ष उनीहरूको खेतीको काम गरेर बस्यो ।

त्यो जमानामा झापा मोरंगतिर धान, मकै र नगदेवालीको रुपमा धेरै पाटा (जुट)को खेती गर्ने चलन थियो । पाटाको खेतीमा मानव-श्रम धेरै लाग्दथ्यो । माटोको तयारीदेखि पाटा सुकाएर बिक्रीकालागि बजार पुर्याउनेसम्मको श्रम र खर्च जोड्ने हो भने कृषकलाई खासै आर्थिक फाइदा पनि थिएन । पाटा खेतीको प्रसंग आउँदा त्यसबेलाको उमेरदार र बलियो खोरीको नाममा गाउँमा २ वटा रेकर्डहरू थिए: अरु खेतालाहरू भन्दा डब्बल नै छिटो काट्ने र धुँदा पनि सबैभन्दा धेरै धुँने । पाटाको फसलसँग सम्वन्धित गणनाको एकाई तारी, लाछा, मुठा र बिटा हुन्थे, हिजो आज यस्तो एकाई कतै सुनिंदैन । पाटा काट्ने र धुँने सम्वन्धि कामको लागि सकेसम्म खोरीको खोजी सबैले गर्दथे । धेरै नबोल्ने, गठिलो शरीर भएको, हाँस्दा पनि खिस्समात्र गर्ने खोरी जो सुकैकोमा काम गरेपनि ईमान्दारितापुर्वक गर्दथ्यो । हुन पनि उनीहरूको जाति किसान समग्रमा सरल र सोझो हिसावले आफ्नो जिविका चलाउँने जातिको रूपमा चिनिन्थ्यो । खोरी काम सकेर सँधै पल्लो किसान गाँउमा हाँडी (जाँड) - दारू (रक्सी) पिउन जान्थ्यो । हरेकदिन रक्सी पिएर प्राय: एकै समयमा फर्कने खोरी फर्कँदा, "आई एम खोरी किसान ! तेत्रु माई सन !" भन्दै फर्कन्थ्यो । फर्केर खाना खाएर जेठी मुखेनीलाई, "मुखिनी, भोलि के के काम छ ?", भनेर सोध्दथ्यो । बचन र कामको पक्का खोरी भोलिपल्ट कसैले केही नभनी आफ्नो काममा लाग्दथ्यो ।

एकरात पल्लो किसान गाँउबाट खोरी फर्केन, अबेरसम्म सबैले बाटो कुरे तर खोरीको अत्तोपत्तो भएन । लाटीले हातको ईशाराले, "उ किन आएन ?", भन्दै मुख बिगारी । ढिलो खाना खाएर तेत्रु र लाटी पनि सुते । बिहानै उठेर हेर्दा तेत्रु र लाटी पनि रातारात आफ्ना लुगाफाटा लिएर गएछन् । अचम्म भयो, खोरीको परिवार नै गाँउबाट गायब भयो । गाउँमा कसैले, "अर्को गाउँ बसाईं गए" भने । धेरैले, "ईण्डियातिर चिया बगानमा काम गर्न गए" भने । दुईचार दिनपछि उनीहरूलाई सवैले बिर्सिए ।

खोरीको परिवार गाउँबाट हराउँदा अर्को गाउँबाट पनि ५-७ घर किसानहरू रातारात गाउँ छोडेर हिंडेका रहेछन् । त्यस समयमा गाउँघरमा बिफर बिरुद्धको खोप लगाउने टोली आएको थियो । खोप लगाउने टोलीले नागरिकता पनि खोज्छ र नहुनेलाई कारवाही गर्छ भन्ने हल्ला चलेको रहेछ। खोरीले पनि रक्सी पिउने ठाउँमा 'पल्टने कान्छा' बाट यस्ता कुरा सुनेकोरहेछ ।

करीब एकबर्षपछि बेलुकीपख खोरीको परिवार जेठा मुखियाको आँगनमा टुप्लुक्क आइपुग्यो । खोरीको अनुहारमा मुस्कान उस्तै, लाटीको अनुहार उस्तै गम्भीर, तेत्रुको पोशाक फेरिएछ, अलिक ठुलो, अग्लो र राम्रो भएछ । खोरीले जेठी मुखेनीलाई भन्यो, "हामी त फेरि फर्केर आयौं, बस्न दिनुहुन्छ कि ?" मुखेनीले भनिन्, "आज बस ! भोलि अरू कुरा गरौंला । उनीहरूले मतानमा भएको अगेनोमा खाना पकाएर खाए । मतानमाथि राखेको पराल र खोसेला सारेर आफुसँगै भएका ओड्ने ओछ्याउनेले दुईवटा ओछ्यान वनाएर सुते ।

बिहान भयो । खोरीले मुखेनीसँग भन्यो, "के गर्नु मालिक्नी ! डरभन्दा ठुलो केही हुँदो रहेनछ । 'पल्टने कान्छा' ले नागरिकता नभएका तिमीहरूलाई अब जेल हाल्छ भागेर ईण्डिया गई हाल भन्यो, त्यहि भएर कसैलाई नसुनाई हामी भागेका थियौं" । आफु र आफ्ना परिवारको पनि नागरिकता नभएकोले डरले खोरी आफ्नो परिवार लिएर हातीकिस्सा, ईण्डिया चिया बगानमा काम गर्ने आफन्तहरू कहाँ आश्रय लिन गएको रहेछ । त्यहाँपनि आफुसँग सरकारी निस्सा र कागजहरू नहुँदा अपहेलित भएपछि जे भएपनि आफु जन्मेको देश ठाउँ फर्कने भनेर नेपाल फर्किएका रहेछन् । खोरीको कुरा सुनिसकेपछि जेठी मुखेनीले भनिन्, "आफ्नै जनमन गरेर खानु, म मतानमा बस्न दिन्छु । जहिलेसम्म बस्छौ बस ! घरमा कामपर्दा म ज्याला दिएर लगाउँछु ।" उनीहरू खुशी भएर त्यहिं बसे ।

गाउँघरमा सवैलाई थाह भएकै कुरा थियो, पहाडीमुलका मानिसहरू स्थायीरुपमा बस्न थाल्नुभन्दा दशकौं अगाडिदेखि झापामा आदिबासी किसानहरूको बसोबास थियो । तर पनि अशिक्षा, अज्ञानता र असल सहजकर्ताको अभावमा खोरी किसान जस्ता सयौं किसानहरूको नागरिकता नहुँदा 'पल्टने कान्छा' जस्ता उट्पट्याँगहरूले समेत उनीहरूलाई तर्साएको कुरा सज्जन मानिसलाई मन पर्नेकुरै थिएन । खोरीको बह सुनिसकेपछि जेठा मुखेनीले त्यसबेलाका वार्ड सदस्य आफ्ना देवर साईला मुखियासँग खोरीको समस्या बताएर सहयोग गरिदिन भनिदिइन् । त्यसबेलाको प्रशासनिक प्रक्रिया अनुसार वार्ड सदस्य, गाउँ पञ्चायतका प्रधानपञ्च, जिल्ला पञ्चायतका सभापतिको सिफारिस हुँदै जिल्ला प्रशासन कार्यालयबाट खोरी र लाटीको नागरिकता प्रमाणपत्र एकहप्ताभित्र वन्यो ।

नागरिकताको प्रमाणपत्र लिएर आएपछि खोरीले भन्यो, "हेर त, पहिला हामीसँग यो कागज भएको भए, हामी भाग्नु पर्ने त थिएन, बिफरको खोप पनि लगाउन पाइने थियो"। खोरी प्रफुल्ल हुँदै मनमनै भन्यो, "अब तेत्रु १६ बर्ष पूरा हुँनासाथ नागरिकता प्रमाणपत्र वनाईदिन्छु" ।

केहि समयपछि, गाउँघरमा सुनियो, "पल्लो गाउँको 'पल्टने कान्छा' बिफर लागेर मर्यो रे !" । यो खवर सुनेपछि खोरीले आफ्नो र लाटीको नेपाली नागरिकताको प्रमाणपत्र झोलाबाट निकालेर एकपल्ट हेर्यो र मुसुक्क हाँस्यो ।

कविता

# आउ तिमी फेरी आउ !




✍डा. बच्चु कैलाश कैनी

मनमा अनगिन्ती प्रश्नहरू छन्
खै किन आयौ तिमी ?
केका लागि मलाई आफ्नै बनायौ ?
किन हरायौ तिमी ?
मेरा प्रश्नहरु अनुत्तरित छन ।
तिमी आयौ
आफ्नो जादुमयी
मन्द मुस्कान लिएर
तिमी जस्तै
आड र भरोसाको
जग बसालेर
आफूले हिंडेको कठिन
तर, सुन्दर बाटो
मलाई देखाउने प्रण गरेर
तिमी आयौ ।
र, मेरो आशाको दियो
बल्न नपाउँदै
फेरी हरायौ
तिम्रो स्तुती गर्न नपाउँदै
मैले ढोग्न चाहेको मन्दिरको
ढोका बन्द गरेर
फरार भयौ
हो, तिमी अहिले फरार छौ।
म भित्रको ज्वालामुखी फुटेर
मेरा अंग अंगमा
राप र तापले पोलेको छ मलाई
सहन नसकिने पिडा दिएको छ मलाई
धुँवाको मुस्लोले
मलाई निस्सासिने बनाएको छ
पर धेरै पर
अनन्त क्षितिज सम्म पनि
लार्भाहरु तातै बगेका छन्
मेरो गन्तब्य छेकेको छ।
अहिले गन्तब्य अनिश्चित छ मेरो
प्रश्नहरु अनुत्तरित छन्
तिमी आउ, फेरी आउ
मेरा प्रश्नहरुको जवाफ
देउ वा नदेउ
तर मलाई बाटो देखाउ
मेरो प्रेरणाको श्रोत बन तिमी
मेरो यात्राको सारथी बन तिमी
तिमी आउ, फेरी आउ तिमी
मलाई साथ दिन आउ तिमी
तिमी आउ, फेरी तिमी आउ ।

**चित्रकला**





दिपाशना थापा
जी.एस. निकेतन मा.वि. हेटौंडा

# सौर्य एयरलाइन्स दुर्घटना प्रतिवेदन : कम्पनी, पाइलट र प्राधिकरणबाट गम्भीर लापरबाही

काठमाडौं/त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट उड्नासाथ दुर्घटनामा परेको सौर्य एयरलाइन्सको जहाज दुर्घटनामा वायुसेवा कम्पनी, पाइलट र नेपाल नागरिक उड्डयन प्राधिकरण तीनै पक्षको गम्भीर लापरबाही भएको निष्कर्ष निकालिएको छ ।

१ साउन २०८१ का दिन मर्मतका लागि पोखरा उडेको सौर्यको उक्त जहाज दुर्घटनामा १८ जनाको ज्यान गएको थियो । दुर्घटना लगत्तै सरकारले छानबिन आयोग गठन गरेको थियो । आयोगले शुक्रबार सरकारलाई बुझाएको प्रतिवेदनले सरोकारवालाको लापरबाहीका कारण जहाज दुर्घटनामा परेको निष्कर्ष निकालेको हो ।



दुर्घटनाको मुख्य कारण 'जहाज टेक अफ गर्ने क्रममा अत्यधिक गतिका साथ सिधा माथि उठ्नु' थियो । त्यसले जहाजलाई 'डिप स्टल' मा लगेको र जहाज खसेको प्रतिवेदनको निष्कर्ष छ । प्रतिवेदन अनुसार जहाज यसरी अगाडि बढाउँदा गलत 'स्विचकार्ड' का आधारमा गतिको समेत गलत गणना भएको देखिन्छ । जहाजको तौल १८ हजार ५ सय किलो थियो । त्यसका लागि बनाइएको स्पिडकार्डमा उडान भर्न आवश्यक 'भी-स्पीड' नै गलत उल्लेख भएको थियो ।

स्पिडकार्ड गलत बनेको गल्ती कसैको नजरमा नपर्नु र उक्त स्पिडकार्ड पुस्तिका स्वीकृत समेत नभएको पाइएको छ । वायुसेवा कम्पनीले उडान भर्ने क्रममा देखिएको उच्च पिच रेटका पुराना घटना पहिचान गर्दै त्यसमा सुधार ल्याएको समेत देखिएको छैन । जसले दुर्घटना निम्त्याएको पाइएको छ । जहाजले कार्गोसहित लोड बोकेर उड्दा बाहिरको तापक्रम, विमानस्थलको उचाइ, लोडसहित आधारमा टेकअफका बेला लिने गतिको क्याल्कुलेसन गर्ने गरिन्छ । जसलाई 'भी-स्पीड' भनिन्छ । यो उडानका बेला यस्तो क्याल्कुलेसन नगरी जहाजले टेकअफ लिएको देखिएको छ ।

यो जहाज पोखरामा सी-चेक (पूर्ण मर्मत) का लागि लैजान लागिएको थियो । जहाज दुर्घटनामा पर्नुभन्दा ३४ दिन अगाडिदेखि ग्राउन्डेड रहेको समेत देखिएको छ । जहाज उडेको एक मिनेट भित्रै दाहिने पखेटा पहिलो पटक जमिनमा ठोक्किएको प्रतिवेदनमा उल्लेख छ ।

जहाजले उडान भर्दा माथि उठ्ने प्रक्रिया (रोटेसन) सुरु गरेलगत्तै जहाजले चाहिने जति उचाइ लिन नसकेको र दाहिनेतिर ढल्किएर पखेटाले सुरुमा भुइँ छोएको देखिन्छ । जहाज जमिनमा ठोक्किए पछि छिन्नभिन्न भएको र आगलागीसँगै जलेको थियो । रोटेसन सुरु भएपछि जहाजले ५ सेकेन्डभित्र जमिनको सतहबाट ५० फिट उचाइ हासिल गरिसकेको देखिन्छ ।

यो 'फेरी फ्लाइट' थियो । फेरी फ्लाइट भनेको जहाज मर्मतका लागि उडाएर लाने प्रक्रिया हो । त्यसका लागि आवश्यक योजना, तयारी र सञ्चालनमा प्रचलित अभ्यास पालना गर्न अपरेटरले गम्भीर लापरबाही गरेको समेत प्रतिवेदनमा छ ।

अपरेसन म्यानुअल र ग्राउन्ड ह्यान्डलिङ म्यानुअलका प्रावधान समेत उल्लंघन भएको देखिएको छ । कार्गो र ब्यागेज ह्यान्डलिङ (तौल, लोड, वितरण र व्यवस्थापन) का सबै प्रक्रियामा समेत कम्पनीको लापरबाही देखिएको छ । 'सामान राम्रोसँग नबाँधिएको र उडान व्यवस्थापन हतारमा गरिएको समेत देखिएको छ । सामानहरू यात्रुको क्याबिनमा समेत राखिएका थिए । यसमा लुब्रिकेन्ट, कन्ट्याक्ट क्लिनर जस्ता प्रज्वलनशील वस्तु समेत राखिएको थियो,' आयोग प्रतिवेदनको निष्कर्ष छ, 'औजार बाकस, खाद्यान सामान समेत राखिएको पाइएको छ । यस्ता सामान कुनै पनि सुरक्षा उपायविना सिट र गल्लीमा जथाभावी राखिएका थिए ।'

**प्रतिवेदनमा यस्तो देखियो उडानपूर्वको अवस्था**

जहाजको ककपिट भ्वाइस रेकर्डरका आधारमा आयोगले घटनाक्रम पुष्टि गर्ने प्रयास गरेको छ । प्रतिवेदन अनुसार ककपिटमा फर्स्ट अफिसर (कोपाइलट) उडानको तयारीका लागि जहाजको ककपिट प्रवेश गरेका थिए । स्टोर इन्चार्ज र ग्राउन्ड स्टाफले जहाजको कार्गो खण्डमा सामान लोड गरेका थिए ।

कार्गो खण्ड पूरै भरिए पछि कर्मचारीले जहाजको क्याबिनमा पनि ब्यागेज र उपकरण लोड गरेका थिए । पाइलट इन कमान्ड (पीआईसी) अर्थात् क्याप्टेन भने उडान गर्नुभन्दा ३० मिनेट अगाडि ककपिटमा प्रवेश गरेको देखिएको छ । उनले कोपाइलटसँग प्रि-स्टार्ट जाँचबारे सोधपुछ गरेका थिए ।

यो उडानमा थप कर्मचारी आउने भन्दै उडान केही ढिला गर्न चालकदललाई अनुरोध गरिएको थियो । त्यसपछि चालकदलले एयर ट्राफिक कन्ट्रोलरलाई ट्याक्सिङका लागि ३० मिनेट समय लाग्ने समेत बताएको थियो । तर, केही समयपछि नै अन्तिम कर्मचारी जहाजमा छिरेपछि क्याबिनको ढोका बन्द गरिएको थियो ।

त्यसपछि चालक दलले दुवै इन्जिन स्टार्ट गरेका थिए । सोही क्रममा देब्रे इन्जिन पहिलो प्रयासमा स्टार्ट भएको थिएन । त्यसको कारण इन्धन प्रवाह नभएको देखिएको छ । दोस्रो प्रयासमा भने सामान्य रूपमा इन्जिन स्टार्ट भएको छ । यद्यपि, जहाज जमिनमा गुड्दा र उडान भर्न गरिएको रोटेसनका क्रममा समेत दुवै इन्जिनमा भने कुनै खराबी नदेखिएको प्रतिवेदनमा उल्लेख छ ।

जहाज १२० नट्स गणना गरिएको एयरस्पिडमा रोटेसन गरेको थियो । जहाजले ४ सेकेन्डभित्र १३ डिग्री र ६ सेकेन्डमा १५ डिग्रीको पिचअप (माथि उठ्ने कोण) हासिल गरेको थियो । यस अनुसार अधिकतम पिचरेट ८.६ डिग्री प्रतिसेकेन्ड देखिएको छ । जहाज १५.५ डिग्री प्रतिसेकेन्ड अधिकतम रोल रेट (ढल्कने गति) मा २६ डिग्री दाहिनेतिर ढल्किएको थियो । जसलाई असामान्य मानिएको छ । दुर्घटनाका बेला मौसम भने सफा थियो ।

**उद्धार कति छिटो ?**

जहाज आकाशबाट ४ सेकेन्ड अन्तरमा १ सय ३० फिट तल झरेर जमिनमा बजारिएको पाइएको छ । शक्तिशाली ठक्कर र जहाज छरपष्ट हुनुका साथै आगलागीका कारण धेरै यात्रुको ज्यान गएको प्रतिवेदनमा उल्लेख छ । दुर्घटना लगत्तै १ मिनेट ४० सेकेन्डमा एक दमकल पुगेको देखिएको छ । उसले १५ सेकेन्डपछि नै पानी फाल्न थालेको थियो । ककपिटमा आगो लाग्नु अगाडि नै भाग्दै गरेका क्याप्टेनलाई जमिनमा रहेका कर्मचारीले उद्धार गर्न सफल भएका थिए ।

त्रिभुवन विमानस्थलमा योजनाबद्ध रनवे स्ट्रिप (सुरक्षा क्षेत्र) अभाव रहेको समेत प्रतिवेदनले जनाएको छ । त्यस्तो क्षेत्र बढी भएको भए धावनमार्ग भन्दा पछाडि वा बाहिर जाने जहाजको सुरक्षा बढाउन सकिन्छ । साथै अग्नि नियन्त्रक र उद्धार उपकरणले समेत सहज पहुँच प्राप्त गर्ने प्रतिवेदनमा लेखिएको छ । क्याप्टेन बाँच्नुले यदि उद्धार प्रयास राम्ररी गरिएको वा पूर्वतयारी राम्रो भएको भए कम्तीमा ककपिटमा फसेका चालक दलका सदस्य तथा क्रु मेम्बरहरू बाँच्ने अवस्था हुन सक्नेसमेत प्रतिवेदनमा उल्लेख छ ।

अग्नि नियन्त्रणका लागि आवश्यक थप उपकरण र भूगोलबारे गम्भीर अभ्यास नहुँदा समेत उद्धारको काम प्रभावकारी हुनबाट चुकेको प्रतिवेदनको निष्कर्ष छ । दुर्घटनास्थलको सबैभन्दा नजिकको एक आपतकालीन पहुँचद्वार बन्द र निर्माण सामग्री तथा भग्नावशेषले अवरुद्ध अवस्था रहेको पाइएको छ । यसले उद्धारको काममा असर गरेको देखिएको छ । विमानस्थल नजिकै भए पनि पैदल र सवारीसाधनबाट दुर्घटनास्थलसम्म पुग्न गाह्रो हुने अवस्थाका कारण आपतकालीन उद्धारमा अझै कमजोरी देखिएको छ ।

**"फेरि फ्लाइट" मा यात्रु बोक्न नपाइने नियम उल्लंघन, प्राधिकरणको कमजोरी**

यस उडानमा वायुसेवा कम्पनीले जहाज मर्मतमा लैजान लागेको थियो । सोही अनुसार उडान अनुमति समेत नेपाल नागरिक उड्डयन प्राधिकरणले दिएको थियो । तर, जहाजमा चालक दलका सदस्य र प्राविधिक बाहेक पनि यात्रु राखिएको थियो ।

यात्रुहरूले सिट बेल्ट लगाएको/नलगाएको समेत यकिन नभएको पाइएको छ । विमानमा सवार व्यक्तिहरूको सामान्य चेक इन प्रक्रिया समेत पालना गरिएको थिएन । फेरी फ्लाइटमा न्यूनतम उडान चालक दल घटाइएको हवाई योग्यतासाथ जहाज उडाउनु पर्छ ।

**कुन निकायको कस्तो कमजोरी ?**

सौर्य एयरलाइन्सले कार्गो लोड गर्दा ग्राउन्ड ह्यान्डलिङ म्यानुअल पालना नगरेको देखिएको छ । जहाजमा सामान लोड गर्ने मानिस सोही कामका दक्ष थिएनन् । सामान राम्ररी बाँधिएको थिएन, जसले उडानका क्रममा जहाजमा जोखिम निम्त्याएको पाइएको छ ।

सौर्यले तालिम कार्यक्रममा उच्च व्यवस्थापनबाटै लापरबाही गरेको देखिएको छ । सौर्यको चालकदलले जहाजलाई तोकिएको रोटेसन मापदण्ड भन्दा निकै माथि उडाउने गरेको प्रवृत्ति देखिएको छ । यसलाई प्रतिवेदनले चिन्ताजनक प्रवृत्ति भनेको छ ।

यो जहाज उडाइरहेका पाइलटले नै सबैभन्दा उच्च पिच रेटमा जहाज उडाएको देखिएको प्रतिवेदनमा उल्लेख छ । दुर्घटनास्थलबाट ब्यागेज हटाउनु र कार्यालयमा राख्नुलाई आयोगले प्रमाण मेटाउन गरेको प्रयास भनेको छ ।

यस प्रकार जहाजको सबै पार्टपुर्जा सही सलामत अवस्थामा रहेको अवस्थामा पनि जहाज दुर्घटनामा पर्नुमा अपरेटरले सञ्चालन म्यानुअल र ग्राउन्ड ह्यान्डलिङ म्यानुअलका प्रावधान पालना गर्न असफल हुँदा जहाज दुर्घटनामा परेको देखिएको छ ।

'एक त जहाजमा कति तौल थियो भन्ने मापन नै नगरी सामान भरिनु, सामानमा अति प्रज्वलनशील पदार्थ समेत लापरवाही पूर्वक राखिनु र जहाज उडानको गतिमा तालमेल नमिल्दा जहाज दुर्घटनामा परेको देखिएको छ,' प्रतिवेदनको निष्कर्ष छ । नागरिक उड्डयन प्राधिकरणले वायुसेवा कम्पनीहरूबाट हुने गम्भीर लापरवाहीलाई समेत बेवास्ता गर्नुलाई नियामक निकायको लापरबाहीका रूपमा लिइएको छ ।

प्राधिकरणले नियमित जाँच गर्ने हो भने ब्यागेज/कार्गो लोडिङ र सुरक्षामा हुने नियम उल्लंघन पहिचान हुने आयोगको भनाइ छ । आयोगले प्राधिकरणलाई सबै वायुसेवा कम्पनीका हकमा उडान डाटा अनुगमन तथा विश्लेषण गर्न सुझाव दिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'जदौ'मा दुई निर्देशक, नीतिको जोडी मुकुन कि प्रभात ?



काठमाडौ/जातीय भेदभाव र छुवाछूतको कथामा बन्न लागेको फिल्म 'जदौ'लाई काजी लिम्बू र अञ्जन शर्माले संयुक्त रुपमा निर्देशन गर्ने भएका छन् । बिहीबार काठमाडौंमा आयोजित फिल्मको घोषणा सभामा निर्देशकबारे जानकारी गराइयो । यसअघि फिल्ममा अनुबन्ध भएका कलाकारको बारेमा जानकारी गराइए पनि निर्माण पक्षले निर्देशकको नाम गोप्य राखेको थियो ।

आगामी भदौ पहिलो साताबाट छायांकनको तयारी गरिएको 'जदौ'को घोषणा कार्यक्रममा कलाकारहरु मुकुन भुसाल, नीति शाह, प्रभातपाल ठकुरी, विनोद न्यौपाने र सन्ध्या श्रेष्ठले फिल्ममा समावेश हुने एउटा गीतको स्थायी वाचन गरेका थिए । जसमा मान्छेले मान्छेलाई नै किन भेदभाव गर्छ भन्ने भाव थियो । निर्देशक लिम्बूले गीतको यही भावमा फिल्म बन्ने बताए ।

सिलभर स्क्रिन इन्टरटेन्मेन्ट र समिश्रण मुभिज एण्ड इन्टरटेन्मेन्टको संयुक्त निर्माण रहने फिल्ममा नीतिको जोडी प्रभातपलसँग बाँधिनेछ । उनीहरुले पहिलो पटक सहकार्य गर्न लागेका हुन् । मुकुनले भने अभिनेत्री ऋचा शर्माको जोडी भएर अभिनय गर्नेछन् । अहिले ऋचा अमेरिकामा रहेकाले फिल्मको घोषणा कार्यक्रममा उपस्थित हुन सकिनन् ।

अनिल सुब्बा, सिपी पुडासैनी (धतुरे) लगायतको पनि अभिनय रहने फिल्मको सह-निर्मातामा रामराजा सुवेदी, ओम चेम्जोङ, सुमीत्रा देवकोटा, नारायण शास्त्री, गोकुल केसी, अर्जुन खड्का, काजी केसी, सृजना शर्मा र मनिष शर्मा छन् । श्याम तामाङले खिच्ने फिल्मका गीतमा बाबुल गिरी र सरोज पोखरेलको संगीत रहनेछ ।

कार्यक्रममा सिलभर स्क्रिनकी प्रबन्ध निर्देशक विमला भण्डारीले 'जदौ' नेपाली समाजमा अहिले पनि व्याप्त जातीय विभेदका विविध घटनाबाट प्रेरित रहेको बताइन् । फिल्मले सामाजिक छुवाछूत र भेदभाव निर्मूल गर्न फिल्मले आवाज बुलन्द गर्ने उनको दावी छ ।

# बंगलादेशमा रिलिज हुने पहिलो नेपाली फिल्म बन्यो 'केटी हराएको सूचना'

काठमाडौं/पहिलो पटक नेपाली फिल्म बंगलादेशमा रिलिज भएको छ । अघिल्लो वर्षको माघ ११ गते नेपालमा प्रदर्शन भएको फिल्म 'केटी हराएको सूचना' बंगलादेशका हलमा शुक्रबारबाट प्रदर्शनमा आएको हो । अनलाइन पोर्टल भ्यूज बंगलादेशका अनुसार मल्टीप्लेक्स चेन स्टार सिनेप्लेक्सको ढाकासहित अन्य सहरका हलमा फिल्मलाई प्रदर्शन गरिएको छ ।



नेपाली र अंग्रेजी सबटाइटलमा रिलिज भएको यो फिल्मलाई बंगलादेशमा 'शो मोसन लिमिटेड'ले 'साउथ एसियन फ्रि ट्रेड एग्रिमेन्ट' (साफ्टा) अन्तर्गत आयात गरेको हो । त्यसबापत तनीम रहमान अंशुद्वारा निर्देशित तथा सरीफुल रन र सुनेरा बिन्ते कमाल अभिनीत बंगलादेशी फिल्म 'नो दोराई' नेपालका हलमा रिलिज गर्ने सहमति भएको भ्यूज बंगलादेशले जनाएको छ ।

बंगलादेशमा प्रदर्शनअघि बिहीबार 'केटी हराएको सूचना'को स्टार सिनेप्लेक्सको एयरपोर्ट शाखामा प्रिमियर आयोजना गरिएको थियो । जहाँ फिल्मका निर्देशक दीपेन्द्र गौचन र अभिनेता नाजीर हुसेन उपस्थित थिए । फिल्मको प्रिमियरका लागि बुधबार नाजीर बंगलादेशको राजधानी ढाका पुगेका थिए । उनी शुक्रबार बंगलादेशका दर्शकको प्रतिक्रिया बुझेर नेपाल फर्किने जनाइएको छ ।

नेपालमा समीक्षात्मक रुपमा अब्बल ठरिएको यो फिल्ममा नाजिरसहित सृष्टि श्रेष्ठ सञ्जय गुप्ता, रामनारायण ठाकुर, मदन ठाकुर, रिना रिमाल, कौशल्या ठाकुर, ललितादेवी मिश्र, रुपेश मण्डल, सुदीप पटेल, अनिल कुर्मी लगायतको अभिनय रहेको छ । अमितेष शाहको 'गेस्ट अपियरेन्स' रहेको फिल्ममा निर्देशक गौचन स्वयंको लेखन तथा निर्माण छ ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

# सहकारी ठगेर कम्बोडियाको क्यासिनोमा लगानी

काठमाडौं/ललितपुर महानगरपालिका-५ महालक्ष्मीस्थानमा कार्यालय रहेको मितेरी सहकारी ठगी प्रकरणमा अर्को एक व्यक्ति पनि पक्राउ परेका छन् । प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले बर्दियाको बासगढी गाउँपालिका-७ घर भएका सुरेश अधिकारीलाई पक्राउ गरेको हो । काठमाडौंबाट पक्राउ परेका अधिकारीले माकलबारीमा होटल सञ्चालन गरेर बसेका थिए ।

उनी पनि ठगी प्रकरणमा मुख्य व्यक्ति ज्योतिबहादुर भण्डारीका सहयोगी रहेको पाइएको सीआईबीका प्रवक्ता तथा एसपी युवराज खड्काले बताए । 'ज्योतिबहादुरको सहयोगीको रूपमा अधिकारीले काम गरेको देखिन्छ । उनीमार्फत नै रकमको व्यवस्थापन समेत भएको देखिएपछि अनुसन्धान अघि बढाएका हौं,' प्रवक्ता खड्काले संचारकर्मीसँग भने ।

योसँगै मितेरी सहकारी ठगी प्रकरणमा पक्राउ पर्नेको संख्या तीन पुगेको छ । यसअघि सीआईबीले इन्टरपोलको सहयोगमा कम्बोडियाबाट बर्दियाको बाँसगढी गाउँपालिका-७ घर भएका ४२ वर्षीय ज्योतिबहादुर भण्डारीलाई पक्राउ गरेको थियो । ४ असार राति भण्डारीलाई काठमाडौं ल्याइएको थियो ।

उनी पक्राउ परेपछि धादिङको धुनीवेशी नगरपालिका-९ घर भएका सुवास खत्री पक्राउ परेका थिए । उनलाई सीआईबीले १५ असारमा पक्राउ गरेको थियो । ज्योतिबहादुरसँग कनेक्सन भेटिएपछि खत्री पक्राउ परेका थिए ।

थप अनुसन्धानका क्रममा अहिले अधिकारी पक्राउ परेका हुन् । अहिले पक्राउ परेका अधिकारी र ठगीका मुख्य व्यक्ति भण्डारीको घर एकै ठाउँ रहेको पाइएको छ । बाँसगढी-७ का उनीहरू पहिल्यैदेखि चिनजानका व्यक्ति हुन् ।

ठगी गरेर विदेशमा पुगेपछि नेपालमा बसेर अधिकारी र खत्रीले भण्डारीलाई सहयोग गरेको भेटिएको सीआईबीको भनाइ छ । 'भण्डारी र अधिकारी एकै गाउँका हुन् । भण्डारी विदेश पुगेपछि नेपाल बसेर उनले भनेअनुसार सबै काम अधिकारीले गरेको देखिन्छ,' एक अनुसन्धान अधिकृतले संचारकर्मीसँग भने ।

**संगठितमा अनुसन्धान**

यो ठगी प्रकरणमा सुरुवाती क्रममा सीआईबीले ठगीको कसुरमा मात्रै म्याद लिएर अनुसन्धान अघि बढाएको थियो । तर अनुसन्धानको क्रममा भने योजनबद्ध तरिकाले तीन भन्दा बढी व्यीक्तको समूह बनाएर ठगी गरेको पाइएपछि अहिले मुद्दा कन्भर्ट गरिएको छ । अहिले भने ठगीको कसुरमा समेत अनुसन्धान अघि बढाइएको प्रवक्ता खड्काले बताए । भण्डारीले अधिकारी, खत्री सहितका व्यक्तिसँग मिलेमतो गरी संगठित रूपमा ठगी गरेको पाइएपछि ठगीका साथै संगठितको कसुरमा अनुसन्धान अघि बढाइएको प्रहरीको भनाइ छ ।

संगठितमा कन्भर्ट भएसँगै प्रहरीले अनुसन्धानका लागि पनि ६० दिनको म्याद पाउनेछ । यसका साथै क्रिप्टो, हुण्डी र लिखतसम्बन्धी कसुरमा पनि सीआईबीले अनुसन्धान अघि बढाएको छ । ठगी गरेको रकम क्रिप्टो र हुण्डीमार्फत विदेश पुगेको बताइएको छ ।

यता, ठगीका मुख्य व्यक्ति ज्योतिबहादुरको दुई फरकफरक नागरिकता र पासपोट भएकाले उनीमाथि लिखतसम्बन्धी कसुरमा पनि अनुसन्धान अघि बढाइएको सीआईबीले बताएको छ ।

कास्कीबाट उनले १०५४८... नम्बरको राहदानी लिएका थिए । उनै भण्डारीले बर्दियाकै अर्कै नम्बर ११३६४... नम्बरको राहदानी लिएको प्रहरीको भनाइ छ । त्यसैगरी नागरिकता पनि दुई फरक नम्बरमा दुई फरक जिल्लाबाट लिएको पाइएको छ । कास्कीबाट १५८८३ नम्बरको नागरिकता लिएका भण्डारीले बर्दियाबाट भने १४८०३ नम्बरको नागरिकता लिएको प्रहरीको भनाइ छ ।

**कम्बोडियाको क्यासिनोमा लगानी**

ठगी गरेर हुण्डी र क्रिप्टोमार्फत विदेश पुर्‍याइएको रकम ज्योतिबहादुरले क्यासिनोमा लगानी गरेको सीआईबी स्रोतको भनाइ छ । सीआईबीको हिरासतमा रहेका उनले कम्बोडियाको क्यासिनोमा लगानी गरेको बताएको स्रोतको दाबी छ । यद्यपि, यसबारे अनुसन्धान भइरहेकाले अहिले केही बताउन नमिल्ने सीआईबीका प्रवक्ता एसपी खड्का बताउँछन् ।

'ठगी गरेको रकम र लगानीबारे अनुसन्धान भइरहेको छ । यसका तथ्य प्रमाणहरू जुटाउने काम गरिररहेका छौं । विदेश पुगेको भने देखिएको छ । कहाँ लगानी गरे भन्ने विषय अनुसन्धानकै चरणमा छ,' एसपी खड्काले भने ।

अहिले सीआईबीको हिरासतमा रहेका तीनैजना भण्डारी, खत्री र अधिकारी मितेरी सहकारीका कुनै सदस्य पनि होइनन् । उनीहरू सञ्चालक समिति तथा पदाधिकारीमा पनि छैनन् । भण्डारीले भने मितेरी सहकारीको महाप्रबन्धक रहेकी ज्योति गुरुङ (नेपाली कांग्रेसका उपसभापति धनराज गुरुङकी पूर्वपत्नी)मार्फत रकम लिएर ठगी गरेका थिए ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# चितवन जिल्ला अदालतमा छ वर्षयताकै उपलब्धी

साझाकुरा संवाददाता

हेटौंडा, २ साउन/मुद्दा फर्स्योटमा चितवन जिल्ला अदालतले विगत छ वर्षयताकै ठूलो प्रगति गरेको छ । भौतिक संरचना र जनशक्तिको अभावबीच अदालतले गत आर्थिक वर्ष २०८१/८२ मा लक्ष्यभन्दा ५ प्रतिशत बढी मुद्दा फर्स्योट गरेको हो ।

गत आवमा नयाँदर्ता भएका चार हजार ३४३ वटा र अघिल्लो आव २०८०/८१ बाट जिम्मेवारी सरी आएका एक हजार ९५० गरी जम्मा छ हजार २९३ वटा मुद्दाको लगत कायम भएको थियो । त्यसमध्ये चार हजार २११ वटा मुद्दा फर्स्योट गर्ने लक्ष्य लिइएकामा चार हजार ४३४ वटा मुद्दा फर्स्योट भएको चितवन जिल्ला अदालतका श्रेस्तेदार विष्णुप्रसाद आचार्यले जानकारी दिए । आचार्यकाअनुसार कुल मुद्दाको ७०.४६ प्रतिशत मुद्दा फर्स्योट भएको हो । गत आवको एक हजार ८५९ वटा मुद्दा यस आव २०८२/८३ का लागि जिम्मेवारी सरेर आएका छन् ।



यसअघि आव २०७५/७६ मा ६०.०३ प्रतिशत, २०७६/७७ मा ६३.७३ प्रतिशत, २०७७/७८ मा ६३.५५ प्रतिशत, २०७८/७९ मा ६८.१० प्रतिशत, २०७९/८० मा ६४.५२ प्रतिशत र २०८०/८१ मा ६८.८२ प्रतिशत मुद्दा फर्स्योट भएको थियो । पत्रकारसँग बिहीबार अन्तर्क्रिया गर्दै आचार्यले दुईवर्ष पुराना सबै मुद्दा फर्स्योट भएको जानकारी दिए । १८ महिनानाघेका ४५ वटामात्रै मुद्दा विचाराधीन अवस्थामा रहेको छ । त्यस्तै, गत आवमा फैसला कार्यान्वयनका लागि एक हजार ८४७ वटा निवेदनको लगत कायम भएकामा ८९२ वटा अर्थात् ४८.२९ प्रतिशत निवेदनमात्रै फर्स्योट भएको छ । फैसला कार्यान्वयनका क्रममा एक हजार ५६४ वर्ष एकदिन कैद र नौ करोड ६९ लाख ९८ हजार २८२ रूपैयाँ जरिवाना असुल गरिएको आचार्यले बताए ।

चितवनमा आपराधिक काममा बालबालिकाको प्रयोग बढ्दो रहेको चितवन जिल्ला अदालतका प्रमुख न्यायाधीश रमेश ज्ञवाली बताउँछन् । 'जबर्जस्ती करणी, लागूऔषध र चोरीका घटनामा बालबालिकाको धेरै प्रयोग गरिएको छ । बालबालिकाको प्रयोग विकराल अवस्थामा छ', उनले भने । धेरैजसो युवा विदेश पलायन भएकाले बालबालिकालाई ललाइफकाई गरी गैरकानुनी काममा प्रयोग गर्ने गरिएको उनले बताए । अदालतलाई नयाँ भवन अत्यावश्यक भइसकेको न्यायाधीश ज्ञवालीले बताए ।

अहिलेको भौतिक संरचना दुईजना न्यायाधीशको दर बन्दी हुँदा भएको भन्दै उनले आठजना न्यायाधीशले काम गर्दै गर्दा पनि नयाँ संरचना बनाउन नसकिएको बताए । उनका अनुसार नयाँ भवन बनाउन ९० करोड रुपैयाँ लाग्ने अनुमान गरी नक्सापास भइसकेको छ । तर, सरकारले बजेट नदिँदा भवन बनाउन नसकिएको बताइएको छ । अदालतमा ७८ जना कर्मचारीको स्थायी दरबन्दी छ ।

अदालती कामलाई सहज र छिटोछरितो बनाउन अधिकृतस्तरका १० जना र सहायकस्तरका १० देखि २० जना कर्मचारी आवश्यक रहेको उनले जानकारी दिए । 'हामीले संस्थागतरुपमा प्रधानन्यायाधीश, बार अध्यक्षलगायत सबैसँग भवन बनाउन बजेटका लागि पहल गरिरहेका छौं । अहिलेसम्म बजेट पाउन सकिएको छैन', उनले भने । सरकारी वकिलको कार्यालयको पुरानो भवनलाई तहसिल शाखा तथा सुरक्षाकर्मी ब्यारेकका रुपमा प्रयोग गरिएको छ ।

# लागूऔषध सहित ६ जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २ साउन/ हेटौंडाबाट लागूऔषध ट्रामाडोलसहित तीनजना पक्राउ परेका छन् । प्रहरीका अनुसार विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालयबाट खटिएको टोलीले हेटौंडा उपमहानगर पालिका-२, सानोपोखराचोकस्थित एक चिया पसलबाट १८८ क्याप्सुल ट्रामाडोल र ५० ग्राम गाँजासहित तीन जनालाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा भीमफेदी गाउँपालिका घरभई हाल सानो पोखराचोकमा चिया पसल गर्दै आएकी ४२ वर्षीया सरस्वती मुक्तान, सोहीस्थानमा बस्दै आएका १९ वर्षीय रोजन मुक्तान र भारत मोतीहारी घरभई हाल हेटौंडामा रहेका २३ वर्षीय सुल्तान खान रहेका छन् । प्रहरीले उनीहरुको शरीर तथा पसलको तलासी गर्दा लागूऔषध लुकाईछिपाई राखिएको अवस्थामा फेला पारेको थियो ।

पक्राउ परेका तीनै जनालाई लागूऔषधसम्बन्धी मुद्दामा ५ दिनको म्याद थपगरी अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

यसैगरी शुक्रबार नै प्रहरीले विशेष सूचनाको आधारमा हेटौडा-२, पुरानो मनकामनापथस्थित घरमा डेरागरी बस्ने वर्ष २१ को अंकित दोङलाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरी टोलीले लागूऔषध सहित फेला पारी रितपूर्वक शरीर तथा कोठा समेतको खानतलासी गर्ने क्रममा दोङले लुकाईछिपाई गरी राखिएको अवस्थामा १११ ट्याब्लेट लागूऔषध नाईट्राभेट र ५३१ क्याप्सुल ट्रामाडोल फेला परे मकवानपुरका प्रहरीप्रवक्ता डिएस्पी श्यामु अर्यालले जानकारी दिएका छन् ।

लागुऔषध बरामद गरी निज दोङलाई नियन्त्रणमा लिई मकवानपुर जिल्ला अदालतबाट लागूऔषध मुद्दामा ५ दिनको म्याद थप अनुमति लिई अनुसन्धानकार्य भईरहेको प्रहरीले जनाएको छ । यसैगरी जिल्ला प्रहरी कार्यालयका अनुसार बिहिवार हेटौंडा-१२ झोलुङ्गेपुलस्थित कान्छा बलको घुम्ती पसल फुटाई सामानहरु चोरी भएको सूचनाको आधारमा चोरी गर्ने व्यक्तिको खोजतलास गर्ने क्रममा पुलस्थित शंकास्पद रुपमा बसिरहेको अवस्थामा वर्ष २२ को नबीन श्रेष्ठ र वर्ष २६ को बिजय बललाई फेला पारी खानतलासी गर्ने क्रममा लागूऔषध नाईट्राभेट २२ ट्याब्लेट र चोरीको ९ (नौ) बट्टा पाइलट चुरोट समेत फेला परेको थियो ।

# जिल्लास्तरीय शिक्षकनायक गोष्ठी सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, २ साउन/नेपाल रेडक्रस सोसाइटी मकवानपुर जिल्ला शाखाको आयोजनामा जिल्लास्तरीय शिक्षक नायक गोष्ठी सम्पन्न भएको छ ।

जिल्लाका सामुदायिक तथा संस्थगत गरी ८५ वटा विद्यालयका शिक्षकनायक सहभागी गोष्ठीले शैक्षिक संस्थामा रेडक्रसलाई अभियानको रुपमा संचालन गरी जुनियर/युवा सर्कल गठन तथा पुनर्गठन गर्ने, रेडक्रस परिचयात्मक गोष्ठी तथा पालिकास्तरीय प्राथमिक उपचार तथा बिपद् ब्यबस्थापन लगायतका विभिन्न तालिम संचालन गर्ने निर्णय गरेको छ ।

भदौ १३ र १४ गते अरनिको मावि हेटौंडा-१९ नेवारपानीको आतिथ्यतामा आयोजना हुने जिल्ला जुनियर/युवा रेडक्रस गोष्ठीमा जिल्लाका सबै शैक्षिक संस्थाले सक्रिय सहभागिता जनाउने लगायत ६ वटा विषयमा महत्वपूर्ण छलफल तथा निर्णय गरिएको नेरेसो मकवानपुरका उपमन्त्री शिबहरि दाहालले जानकारी दिए ।

गोष्ठीमा अन्तर्राष्ट्रिय रेडक्रस अभियानको सन्दर्भमा सुमित्रा काफ्ले, नेपाल रेडक्रस अभियानबारे पिताम्बर बास्तोला, शिक्षकनायकको काम कर्तब्यबारे शिबहरि दाहाल, जुनियर युवा अभियानबारे लक्ष्मण भट्टराईले सहजीकरण गरेका थिए । रेडक्रस मकवानपुरका उपमन्त्री तथा जिल्ला जुनियर युवा समितिका सदस्य दाहालको अध्यक्षता तथा मकवानपुर जिल्लाको प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा नेरेसो मकवानपुरका मन्त्री काफ्ले, विद्यालय ब्यवस्थापन समितिका पूर्वअध्यक्ष हरि वाग्ले, श्रमिक माविका प्रधानाध्यापक श्रीराम दाहाल, जिएस निकेतनका अध्यक्ष ऋषिराम पोखरेल, नेरेसो बस्तिपुर उपशाखा सभापति राजु घले, चन्द्रोदय माविका प्रधानाध्यापक जिधराज ढकाल, विब्यस सदस्य रामप्रसाद देबकोटाले मन्तव्य ब्यक्त गरेका थिए ।

कार्यक्रममा नेरेसो मकवानपुरका कोषाध्यक्ष किशोर बर्तौला, उपकोसाध्यक्ष मंगल राखाल, सदस्यहरु रामजी सापकोटा, ईश्वर पन्डित, कृष्णबहादुर सापकोटा, गोकर्ण सुबेदी, नारायण तिमल्सिना, पिताम्बर बास्तोला, हेटौंडा-८ का वडासदस्य रिता मंग्राती, विब्यस पूर्वअध्यक्ष कुलप्रसाद पौडेल, नेरेसो मकवानपुरका कार्यालयप्रमुख लक्ष्मण भट्टाराई, लेखाप्रमुख रामजी खतिवडा, शिक्षकनायक धनराज फुँयाल लगायतको उपस्थिति थियो ।

# दुग्ध सहकारीको दोस्रो काउन्टर संचालनमा

साझाकुरा संवाददाता

हेटौंडा, २ साउन/ जिल्लाभरका दुध संकलन गर्दै आइरहेको मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघ लिमिटेडले आफ्नो उद्योगमा उत्पादित दुध तथा दुग्धजन्यपदार्थ बिक्रीका लागि थप नयाँ स्थानमा बिक्री काउन्टर बिस्तार गरेको छ ।

संघकै कार्यालय परिसरमा काउन्टर सञ्चालन गर्दै आइरहेको संघले शुक्रबार हेटौंडा-४ भैरब रोडमा पनि बिक्री काउन्टर विस्तार गरेको संघका अध्यक्ष हरिप्रसाद कंडेलले बताए । अध्यक्ष कंडेल र मकवानपुर जिल्ला सहकारी संघका अध्यक्ष नारायणप्रसाद देवकोटाले संयुक्तरुपमा बिक्री काउन्टरको उद्घाटन गरेका हुन् । संघका अध्यक्ष कडेलले यस्ता बिक्री काउन्टर आगामी दिनमा अन्य स्थानमा पनि सञ्चालनमा ल्याइने योजना रहेको बताए । संघले जिल्लामा एकद्वारप्रणालीमार्फत दुधको व्यवस्थापन गर्दै आएको छ ।




अहिले ६६ वटा दुग्ध तथा बहुउद्देशीय सहकारी संस्थाबाट दैनिक ५० हजारदेखि ६० हजार लिटर दुध संकलन एवम् व्यवस्थापन गर्दै आइरहेको अध्यक्ष कंडेलले जानकारी दिए । कृषकको दुधको भुक्तानी व्यक्यौता र मिल्क होलिडे जस्ता समस्या केहिहदसम्म भएपनि स्थानीयक्षेत्रमा विस्तारित बिक्री काउन्टर, स्थानीय बजारिकरणले समाधानका निम्ति सहयोग पुग्ने अपेक्षा राखिएको अध्यक्ष कंडेलको भनाइ छ । संघले संकलन र व्यवस्थापन गरेको दुध मकवानपुरका विभिन्न दुग्ध उद्योग र जिल्ला बाहिर पोखरा, काठमाडौंलयायतका सहरमा खपत हुने गरेको छ ।

मकवानपुर दुग्ध सहकारी उद्योगबाट उत्पादित स्वच्छ तथा गुणस्तरीय दुध एवम् दुग्धजन्यपदार्थ दुध, दही, घ्यू, पनिर, नौनी, मोहीलगायत उत्पादन गर्दै आइरहेको संघका व्यवस्थापक दामोदर अधिकारीले बताए । उद्योगबाट उत्पादित दुग्धजन्य वस्तु काउन्टरबाट बिक्री गरिने अधिकारीले बताए । बिक्री काउन्टर विस्तारसँगै मिल्क होलिडे जस्ता समस्या केहीहदसम्म समाधान हुने अपेक्षा संघले लिएको छ ।

# 'प्रचण्ड' गुहार्दै...

अहिले उत्पादन ठप्प छ, नियमित खर्च पनि उठिरहेको छैन । तीन महिनादेखि कर्मचारीको तलबभत्ता दिन सकेको छैन । व्यवस्थापकीय कमजोरीका कारण उद्योग बन्द भएको निष्कर्षमा पुगेको सरकारले पैसा दिने निर्णय हालसम्म गरेको छैन । जसरी भए पनि सरकारले उद्योग चलाउन भनेको छ ।

सरकारले जसरी हुन्छ उद्योग चलाउनुपर्‍यो भनेको छ तर, वातावरण भने बनाउनै खोजेको छैन । त्यसका लागि सरकारबाट आर्थिकपहल केही भएको छैन । यस विषयमा उद्योगमन्त्रीसँग पनि कुरा भइसकेको उद्योग व्यवस्थापन समितिका अध्यक्ष नरेन्द्र भण्डारीले बताए । आन्तरिक स्रोतबाटै भएपनि कर्मचारीको तलबभत्ता व्यवस्थापन गर्ने र जसरी हुन्छ उद्योग सञ्चालनमा ल्याएरै छाड्ने गरी काम गरिरहेको अध्यक्ष भण्डारी बताउँछन् । अहिले हेटौंडा सिमेन्ट उद्योगमा १ सय ६८ कर्मचारी छन् । २०३३ सालमा स्थापना भएको उद्योगले २०४३ सालदेखि सिमेन्टको व्यवसायिक उत्पादन सुरु गरेको थियो ।

सरकारी उद्योग कलकारखानाको पुनर्संरचना र सुधारका निम्ति माओवादी केन्द्रले चासो र पहल लिँदै आएको उल्लेख गर्दै अध्यक्ष प्रचण्डले श्रमिकवर्ग र देशको हितमा सकारात्मक पहल लिने विश्वास दिलाए । भेटघाट तथा छलफलमा नेकपा माओवादी केन्द्र मकवानपुरका जिल्ला अध्यक्ष विजय गौतम समेत सहभागी थिए ।

# दैनिक १० जनाको निधन सवारी दुर्घटनाबाट

साझाकुरा संवाददाता

हेटौंडा, २ साउन/ पछिल्ला दिनमा नेपालमा सवारी दुर्घटनाको स्थिति भयावह बन्दै गएको छ । एक दिनमा सातदेखि १० जनाको मृत्यु सवारी दुर्घटनाबाट हुने गरेको तथ्यांक प्रहरीले सार्वजनिक गरेको छ ।

सबैभन्दा बढी मधेश प्रदेशमा सवारी दुर्घटना भएको तथ्यांकले देखाएको छ । नेपालमा एक वर्षमा २८ हजार ६ सय ९२ वटा सवारी दुर्घटना भएको र २ हजार ५ सय ४९ जनाले सवारी दुर्घटनाबाट ज्यान गुमाएको प्रहरी महानिरीक्षक दीपक थापाले बताएका छन् । सवारी दुर्घटना हरेक वर्ष बढेको अवस्था छ । २५.१५ प्रतिशतले बढेको छ । महानिरीक्षक थापाले शान्तिसुरक्षा सही ठाउँमा रहेको बताए । एक दिनमा नेपाल प्रहरीले २ सय २६ वटा सवारीगस्ती, चेकिङ ६ सय ९, पैदलगस्ती १ हजार १ सय १०, ग्रामीणगस्ती ७ सय १२ हुने गरेको बताए ।

२४ घण्टामा ३० हजार ३ सय ७४ जनशक्ति शान्तिसुरक्षामा खटिने गरेको उनले बताए । नेपाल प्रहरीलाई नेपालभर २४ घण्टामा ७ हजार २ सय ५५ वटा कल आउने गरेको बताए । प्रहरी महानिरीक्षक थापाले आर्थिक वर्ष २०८०/८१ को भन्दा आव २०८१/८२ मा अपराधका घटनामा वृद्धि भएको बताएका हुन् । शुक्रवारको संघीयता सलबीकरण तथा राष्ट्रिय सरोकार समितिको बैठकमा उनले आर्थिक वर्ष २०८०/८१ को भन्दा आव २०८१/८२ मा झन्डै १.२४ प्रतिशतले कसुरको मात्रा बढेको जानकारी दिए ।

उनका अनुसार २०८०/८१ असार मसान्तसम्ममा देशभर ५८ हजार ४ सय ७० वटा मुद्दा दर्ता भएको थियो । आव २०८१/८२ मा ५९ हजार २ सय ४ घटना दर्ता भएका छन् । सबैभन्दा धेरै मुद्दा दर्ता काठमाडौं उपत्यकामा दर्ता भएको र कुल मुद्दामध्ये काठमाडौं उपत्यकामा दर्ता भएका मुद्दाको संख्या १६ हजार १ सय ७२ रहेको छ ।

# हेटौंडामा पनि बजाजको चेतक बिक्री हुने

साझाकुरा संवाददाता

हेटौंडा, २ साउन/अटो निर्माता कम्पनी बजाजले भारतमा उत्पादन गरेको इलेक्ट्रिक स्कुटर चेतक नेपाली बजारमा आइपुगेको छ । बजाज कम्पनीको नेपालका लागि आधिकारिक बिक्रेता हंशराज हुलाशचन्द एण्ड कम्पनीले चेतक भित्र्याएर औपचारिक बिक्री गर्ने तयारी गरेको हो ।

चेतकका लागि कम्पनीले नक्सालमा नयाँ शोरुम तयार पारि सकेको छ । नेपाली बजारका लागि वहुप्रतिक्षित बनेको चेतकलाई कम्पनीले विगत केही समययता सडकमा परीक्षण गर्दै आएको थियो । अहिले शोरुममै राखेर औपचारिक बिक्री सुरुहुने जानकारी दिएको हो । पहिलो चरणमा काठमाडौंसँगै हेटौंडा, पोखरामा पनि चेतकको औपचारिक बिक्री सुरु गरिने बताइएको छ ।

भारतीय बजारमा तीन वटा भेरिएन्टमा उपलब्ध चेतकको कुनकुन भेरिएन्ट हाल नेपाली बाजरमा उपलब्ध हुनेछ ? भन्ने विषयमा कुनै जानकारी दिइएको छैन । इलेक्ट्रिक बजाज चेतकमा ३.२ किलोवाट आवरको ब्याट्रीप्याक जाडान गरिएको छ । जसले सिंगल चार्जमा १२७ किलोमिटरको रेन्ज दिने दाबी गरिएको छ । यसको टप स्पिड ७३ किलोमिटर प्रतिघन्टा छ भने ब्याट्री ० देखि १०० प्रतिशत चार्ज हुन ४:३० घण्टा समय लाग्नेछ ।

टिएफटी स्क्रिन राखिएको यस स्कुटरमा टर्न बाई टर्न नेभिगेसन, टायर प्रेसर मनिटरिङ सिस्टम, रिमोट लक/अनलक, ब्लुटुथ कनेक्टिभिटी जस्ता फिचर पाउन सकिन्छ । साथै, यसको अन्डर सिट स्टोरेज क्षमता ३५ लिटर रहेको छ । बाजज चेतकले भारतबाट आयत भएका टिभिएस आई-क्यूव र एथर स्कुटरसँग प्रतिस्पर्धा गर्ने बताइएको छ । चेतक स्कुटरको मूल्य निकै प्रतिस्पर्धी हुने अनुमान गरिएको छ ।

# उच्चअदालत पाटन हेटौंडा ईजलासमा ७२ प्रतिशत मुद्दा फर्स्योट

साझाकुरा संवाददाता

हेटौंडा, २ साउन/ उच्चअदालत पाटन हेटौंडा इजलासले गत आवमा ७२ प्रतिशत मुद्दा फर्स्योट गरेको छ । अघिल्लो आवको भन्दा गत आवको मुद्दा फर्स्योटमा ४ प्रतिशतले कमी आएको हो ।

अघिल्लो आवमा ७६ प्रतिशत मुद्दा फर्स्योट भएको थियो । अघिल्लो आवभन्दा गत आवमा मुद्दाको संख्या बढेकाले मुद्दा फर्स्योटमा कमी आएको उच्चअदालत पाटन हेटौंडा इजलासका एक अधिकृतले बताए । हेटौंडा इजलासमा आव २०८१/८२ मा जिम्मेवारी सरेर आएका सहित १ हजार ७ सय २७ थान मुद्दा दर्ता भएका थिए । तीमध्ये १ हजार २




सय ४७ मुद्दा फर्स्योट गरिएको थियो । अघिल्लो आवमा १ हजार ६ सय १९ थान मुद्दा रहेका थिए । तीमध्ये १ हजार २ सय ४५ फर्स्योट गरिएको थियो ।

चितवन र मकवानपुर कार्यक्षेत्र रहेको उच्चअदालत पाटन हेटौंडा इजलासमा १ वर्ष र २ वर्ष नाघेका मुद्दा शून्य छन् । ७ जना न्यायाधीशको दरबन्दी रहेको यो अदालतमा ५ जनामात्र महिला न्यायाधीश रहेका छन् ।




साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना